# तेह्रौ बैठक

आज मिति २०७९ साल पुष २५ गते सोमबारको दिन बिहान ११ बजे दिप्रुङ चुइचुम्मा गाउँपालिकाको गाउँ कार्यपालिकाको **तेह्रौ** बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री **लोकेन्द्र राई**ज्यूको अध्यक्षतामा बसेको बैठकमा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा तपसिलका प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो।

<u>उपस्थिति</u>

१. गाउँ कार्यपालिका अध्यक्ष श्री लोकेन्द्र राई

२. गाउँ कार्यपालिका उपाध्यक्ष श्री अरुणा थापा मगर

३. वडा नं. १ का वडाध्यक्ष श्री केशव कुमार खत्री

४. वडा नं. २ का वडाध्यक्ष श्री बद्री कटुवाल

५. वडा नं. ३ का वडाध्यक्ष श्री भुपेन्द्र बस्नेत

६. वडा नं. ४ का वडाध्यक्ष श्री बबेन्द्र राई

७. वडा नं. ५ का वडाध्यक्ष श्री डम्बर बहादुर खड्का

८. वडा नं. ६ का वडाध्यक्ष श्री मिलन राई

९. वडा नं. ७ का वडाध्यक्ष श्री गन्धमान थापा

१०. गाउँ कार्यपालिका सदस्य श्री विमला परियार

११. गाउँ कार्यपालिका सदस्य श्री निर्मला श्रेष्ठ (मकाजु)

१२. गाउँ कार्यपालिका सदस्य श्री कृष्ण कुमारी राई

१३. गाउँ कार्यपालिका सदस्य श्री स्वास्तिका भुजेल

१४. गाउँ कार्यपालिका सदस्य श्री कला परियार

१५. गाउँ कार्यपालिका सदस्य श्री सुब्बा माझी

१६. प्रमुख प्रशासकीय अधिकृत (सदस्य-सचिव) श्री लोकेन्द्र बहादुर राई

**<u>प्रस्तावहरुः-</u>**

१ .समपूरक र विशेष अनुदानको कार्यक्रम माग गर्ने सम्बन्धमा ।
२ .शिशु पोषण प्रवर्द्धन भत्ता वितरण सम्बन्धमा
३ .प्रशासनिक भवन सम्बन्धमा ।
४. टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७९ सम्बन्धमा ।
५ .युवा तथा खेलकूद विकास कार्यविधि सम्बन्धमा ।
६. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा।
७. कृषि तथा पशु कार्यक्रम सम्बन्धमा।

८. बहुक्षेत्रीय पोषण कार्यक्रम सम्बन्धमा।

९. न्यायिक समिति तथा महिला विकास कार्यक्रम सम्बन्धमा।

१०. आ.व. २०७९/८० को पूर्वाधार विकास सम्बन्धी योजनाहरुको अर्धवार्षिक समिक्षा सम्बन्धमा

११. रकमान्तर सम्बन्धमा

१२. सडक मर्मतको भुक्तानी सम्बन्धमा

१३. करार सेवाका कर्मचारीको म्याद थप सम्बन्धमा।

१४. विविध

## निर्णयहरुः-

### निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल गर्दा यस दिप्रुङ चुइचुम्मा गाउँपालिकामा आवश्यक आ.व. २०८०/८१ को कार्यक्रमको लागि समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रमको लागि संघ र प्रदेशमा तपशिलका आयोजना/कार्यक्रमहरु तपशिलका प्राथमिकताक्रममा माग गर्ने निर्णय सर्वसहमतमा गरियो।

**तपशिलः-**

क) संघीय समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत माग गरिने आयोजना/कार्यक्रमहरुः-

**१. समपूरक अनुदान अन्तर्गतका कार्यक्रमहरु**

- रमाइलो-पंचमी बजार-छितापोखरी काल्सिङ खोला सडक
- सुम्निमा पारुहाङ पर्यटकीय क्षेत्र
- सार्वजनिक सभाहल
- रेग्मिटार-पंचमी सडक
- छितापोखरी

२. **विशेष अनुदान अन्तर्गतका कार्यक्रमहरु**

- राम्चे निकेतन मा.वि. ईजरा भवन निर्माण
- कृष्ण मा.वि. भवन निर्माण

ख) प्रदेश समपुरक अनुदान र विशेष अनुदान अन्तर्गत माग गरिने आयोजना/कार्यक्रमहरुः-

१. समपूरक अनुदान अन्तर्गतका कार्यक्रमहरु

- रेग्मिटार-पंचमी सडक
- रमाइलो-पंचमी बजार-छितापोखरी काल्सिङ खोला सडक

- छितापोखरी

२. विशेष अनुदान अन्तर्गतका कार्यक्रमहरु

- जनता मा.वि. भवन निर्माण

**निर्णय नं. २**

प्रस्ताव नं. २ मा छलफल गर्दा दिप्रुङ चुइचुम्मा गाउँपालिकाले आ.व. २०७४/७५ देखि जन्मेदेखि २ वर्षसम्मका शिशुहरुलाई शिशु पोषण प्रवर्द्धन भत्ता दिदै गरेकोमा विविधवस भत्ता छुटेका र मिति २०७४ साउन १ गतेदेखि २०७७ असार मसान्तभित्र जन्मेका शिशुहरुलाई गााउँ कार्यपालिकाको मिति २०७९/६/४ को दशौ बैठकको निर्णय नं. ७ को कार्यदल समितिका संयोजक श्री पिएस्पी चाम्लिङ राई ( अधिकृत छेटौ), सदस्य श्री मुस्ताक अहमद मंसुरी (सि.अ.हे.व. अधिकृत) र सदस्य श्री मुरारी प्रसाद सिग्देल (जनस्वास्थ्य निरीक्षक) ले पेश गरेका प्रतिवेदनपास गरी सोही बमोजिम शिशु पोषण भत्ता वितरण गर्ने भनी सर्वसहमतमा निर्णय गरियो।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ मा छलफल गर्दा प्रशासनिक भवन सम्बन्धी प्रस्ताव अर्को बैठकमा निर्णय गर्ने भनी निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ मा छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२ उपदफा २(क) २ बमोजिम दिप्रुङ चुइचुम्मा गाउँपालिका टोल विकास संस्था ( गठन तथा परिचालन) कार्यविधि, २०७९ सर्वसहमतमा पास गरियो।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ मा छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा २(फ) ४ क बमोजिम  दिप्रुङ चुइचुम्मा गाउँपालिका युवा तथा खेलकूद विकास कार्यविधि, २०७९ सर्वसहमतमा पास गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ मा छलफल गर्दा आ.व. २०७९/८० को प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धी निर्णय अर्को बैठकमा गर्ने सहमती भयो।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ मा छलफल गर्दा दिप्रुङ चुइचुम्मा गाउँपालिकाको कृषि तथा पशु विकास कार्यक्रम अन्तर्गत दिप्रुङ चुइचुम्मा गाउँपालिकाको आ.ब. २०७९/०८० को कार्यक्रम बजेट तथा कार्ययोजना तपशिल बमोजिमको कार्यक्रम सन्चालन गर्ने भनी सर्वसहमत निर्णय गरियो।

तपशिलः-

क) कृषि कार्यक्रम बजेट

| क्र.स. | विवरण | एकाई | परिमाण | दर, रु. | रकम, रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | रासायनिक मल ढुवानी अनुदान कार्यक्रम | पटक | १ | १२०००० | १२०००० | |
| २ | किटनाशक, ढुसीनाशक विषादी तथा भिटामिन खरिद कार्यक्रम | पटक | १ | ५००००० | ५००००० | |
| ३ | औषधी खरिद कार्यक्रम (पशु) | पटक | १ | ४००००० | ४००००० | |
| ४ | अमेरिकन फौजी किराको विषादी खरिद कार्यक्रम | पटक | १ | ६००००० | ६००००० | |
| ५ | पालिका स्तरिय कृषि विकास समितिको बैठक (वार्षिक ३ पटक) | पटक | ३ | २०००० | ६०००० | |
| ६ | कृषि तथा पशु प्राविधिकहरुको मासिक समिक्षा बैठक | पटक | ६ | २०००० | १२०००० | |
| ७ | रेडियो, पत्रपत्रिका आदि बाट कृषि सामग्रीको उत्पादन तथा प्रसारण | ल.स. | १ | २०००० | २०००० | |
| ८ | ढुवानी तथा अनुगमन, मुल्याकन खर्च | ल.स. | १ | ५०००० | ५०००० | |
| ९ | व्यवसायिक सुन्तला, कागती खेती सम्बन्धी ५ दिने तालिम (विषय विज्ञ विज्ञबाट) | ल.स. | १ | २००००० | २००००० | |
| १० | प्लाष्टिक टनेल खरिद कार्यक्रम | पटक | १ | १००००० | १००००० | |
| ११ | प्रोत्साहन कार्यक्रम | ल.स. | १ | ७५०००० | ७५०००० | |
| | | | | | ४०००००० | |

ख) कृषि तथा पशु कार्यक्रम अन्तर्गतको कार्यक्रममा ८०% (रसायनिक मल बाहेक) मात्रै अनुदान दिने भनी सर्वसहमतमा निर्णय गरियो।

## निर्णय नं. ८

प्रस्ताव नं. ८ मा छलफल गर्दा दिप्रुङ चुईचुम्मा गाउँपालिकाको बहुक्षेत्रीय पोषण योजना अन्तर्गत दिप्रुङ चुइचुम्मा गाउँपालिकाको आ.व. २०७९/०८० को कार्यक्रम बजेट तथा कार्ययोजना तपशिल बमोजिमको कार्यक्रम सन्चालन गर्ने भनी सर्वसहमतमा निर्णय गरियो।

| क्र.स | विषयगत क्षेत्र | क्रियाकलापहरु | ईकाइ | संख्या | प्रति ईकाइ मुल्य | जम्मा रकम नेपाल सरकार (शसर्त अनुदान) | |
|---|---|---|---|---|---|---|---|
| १. | शासकीय प्रवन्ध | गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको बैठक | पटक | २ | ४०००० | ८००००। | |
| २. | शासकीय प्रवन्ध | वडा स्तरीय खाद्य सुरक्षा तथा निर्देशण समितिको बैठक | पटक | ७ | २०००० | १४००००। | |
| ३. | महिला तथा बालबालिका | व्यवसायिक योजनामा आधारीत महिला सहकारी तथा आयआर्जनका लागि सुरुवाति पूँजी अनुदान प्रदान गर्ने | स्थान | १ | ६२५०००। | ६२५०००। | |
| ४ | महिला तथा बालबालिका | महिला सहकारी , समिति तथा समूहमा आयआर्जन तथा पोषण सम्बन्धि तालिम | स्थान | १ | २५०००। | २५०००।- | |
| ५ | स्वास्थ्य क्षेत्र | पोषणमैत्री स्वास्थ्य संस्था घोषणा | स्थान | १ | ५००००। | ५००००। | |
| ६ | स्वास्थ्य क्षेत्र | बहिरंग उपचार केन्द्र (OTC) स्थापना वा सुदृढीकरण वा पोषणको लेखाजोखा | स्थान | १ | ५००००। | ५००००। | |
| ७ | स्वास्थ्य क्षेत्र | पोषण सामाग्री ढुवानी | स्थान | १ | ३००००। | ३००००। | |
| ८ | स्वास्थ्य क्षेत्र | पोषण कार्यक्रमको अनुगमन | स्थान | १ | २००००। | २००००। | |
| ९ | स्वास्थ्य क्षेत्र | पोषण कर्नर | स्थान | १ | १५०००। | १५०००। | |
| १० | महिला तथा बालबालिका | पोषण भत्ता पाउने बालबालिकाको आमाहरूलाई पोषण सम्बन्धी अभिमुखीकरण कार्यक्रम | स्थान | ७ | | ८६५००। | |
| ११ | कृषि क्षेत्र | सुनौलो हजार दिनका आमाहरूलाई तरकारीको बिउ खरिद तथा वितरण | स्थान | ७ | | ६५०००। | |
| १२ | शासकीय प्रवन्ध | व्यानर छपाई | गोटा | | | ५०००। | |
| १३ | शासकीय | पोषण स्वयंसेवक निर्वाह खर्च | महिना | १२ | २२५००। | २७००००। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रवन्ध | | | | | | |
| १४ | शासकीय प्रवन्ध | चाडबाड खर्च | महिना | १ | २२५००। | २२५००। | |
| १५ | शासकीय प्रवन्ध | पोशाक खर्च | महिना | १ | १००००। | १००००। | |
| १६ | शासकीय प्रवन्ध | सञ्चार खर्च | महिना | १२ | ५००। | ६०००। | |
| **जम्मा** | | | | | | १५०००००।- | |

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ मा छलफल गर्दा दिप्रुङ चुईचुम्मा गाउँपालिकाको आ.व २०७९/०८० को न्यायिक समिति तथा महिला विकास कार्यक्रम शिर्षकबाट तपशिल बमोजिमको कार्यक्रम सञ्चालन गर्न लागि सर्वसहमतमा निर्णय गरियो।

| सि.नं | कार्यक्रमको नाम | बजेट |
|---|---|---|
| १. | महिला जननप्रतिनिधि र राजनैतिक दलमा आवद्ध महिलाहरूलाई नेतृत्व विकास (भाषणकला र उद्घोषण कला सम्बन्धी) तालिम | २,००,००० |
| २ | न्यायिक समिति अन्तरगत मेलमिलाप केन्द्रहरुमा बोर्ड तथा छपाइ समाग्री र आवश्यक कानुनी पुस्तक खरिद | १,००,००० |
| ३ | आमा समुहहरूको क्षमता विकास तालिम | ८,००,००० |
| ४ | अन्तराष्ट्रिय नारी दिवस | २,५०,००० |
| | जम्मा | १३५०००० |

**निर्णय नं. १०**

प्रस्ताव नं. १० मा छलफल गर्दा आ.व. २०७९/८० को पूर्वाधार विकास सम्बन्धी योजनाहरुको अर्धवार्षिक प्रगति प्रतिवेदन पूर्वाधार विकास शाखा प्रमुख ईन्जिनियर श्री मुकेश कुमार यादव र सबै वडा सब-ईन्जिनियर/अ. सब-ईन्जिनियरले कार्यपालिका बैठकमा पेश गरे।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ मा छलफल गर्दा आ.व. २०७९/८० कलो बजेट तथा कार्यक्रममा विनियोजन भएका तपशिल शिर्षक भएका कार्यक्रम स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ बमोजिम रकमान्तर तथा संशोधन गर्ने भनी निर्णय सर्वसहमतमा गरियो।

| **क्र.सं.** | **पहिलाको बजेट कार्यक्रम शीर्षक** | **संशोधन भएको बजेट कार्यक्रम शीर्षक** |
|---|---|---|
| १. | वडा कार्यालय जाने सडक | वडा कार्यालय भवन मर्मत र फर्निचर |

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ (क) मा छलफल गर्दा २०७९ सालको दशै तिहारको अवसरमा दिप्रुङ चुइचुम्मा गाउँपालिकाका नागरिकरुलाई गाउँघर आवतजावत गर्न प्रयोग हुने मुख्य सडक रमाईलो-पंचमी-काल्छिङ खोला सडक खण्ड, पंचमी-आगे-कार्तिके सडक खण्ड, पंचमी-टुवाखोला सडक खण्ड र प्लसटु-दिनुवा सडक खण्ड मर्मत संभार गर्न ब्याकहोलोडर (जेसिबी) प्रयोग भई बापत प्राविधिक कार्यसम्पादन मूल्याङकन बमोजिम जम्मा रु. २४,००,००० (चौबीस लाख) रकम मध्ये १५,००,००० (पन्ध्र लाख) गाउँपालिका स्तरीय सडक मर्मत शीर्षकबाट, भालुखोला कुलो मर्मत (क्रमागत) शिर्षकबाट रु. ५,००,००० (पाँच लाख) र ओख्रे बजार ढल तथा सडक शिर्षकबाट ४,००,००० (चार लाख) रकम वडासचिव श्री सुवास राई, वडा नं. ४ का वडाध्यक्ष श्री बबेन्द्र राई र वडा नं. ५ का वडाध्यक्ष श्री डम्बर बहादुर खड्का मार्फत अमानत विधि बमोजिम भुक्तानी दिने भनी निर्णय गरियो।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ मा छलफल गर्दा दिप्रुङ चुइचुम्मा गाउँपालिकामा करार सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको करार सेवा अवधि असार मसान्तसम्मको लागि म्याद थप गरी निरन्तरता दिने भनी निर्णय सर्वसहमतमा गरियो।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ का विविधमा छलफल गर्दा दिप्रुङ चुइचुम्मा गाउँपालिकाका स्वास्थ्य चौकीमा कार्यरत केही स्वास्थ्यकर्मीहरु प्रसुति विदामा बस्ने भएको र सेवा प्रवाहमा समस्या हुने देखिएकोले तीन महिनाको लागि अनमी पदमा २ (दुई) जना र अ.हे.व. पदमा २ (दुई) जना स्वास्थ्यकर्मीहरु करार सेवामा लिन ७ (सात) दिने सूचना प्रकाशन गर्ने भनी निर्णय गरियो।

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत